चन्द्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

*सूचना नम्बरः ११२-२०८२/०८३*

## जीविकोपार्जन सुधार कार्यक्रम संचालनका लागि पुनः प्रस्ताव आह्वानको सूचना।।

(पुनः प्रकाशित मितिः २०८३/०१/२९ गते)

यस चन्द्रकोट गाउँपालिकाको आ.व. २०८२/८३ को संघीय शशर्त अनुदान वार्षिक स्वीकृत जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत कृषि अन्तर्गत पशु (बाख्रा) पालन कार्यक्रम संचालन गर्नुपर्ने भएकोले स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम योग्यता भएको ईच्छुक संघ/संस्थासँग मिति २०८३/०१/१४ गते प्रथम पटक प्रकाशित गरी प्रस्ताव आह्वान भएकोमा तोकिएको अवधिभित्र न्यूनतम प्रस्ताव पेश भएको नदेखिएकाले यो सूचना पुनः प्रकाशित भएको मितिले ७ दिन (२०८३/०२/०४ गते) भित्र यस कार्यालयमा स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ को अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु हुन आह्वान गरिन्छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेस नहुने बेहोरा समेत जानकारी गराईन्छ।

<u>आवेदनका साथ पेश गर्नु पर्ने कागजातहरुः-</u>

१. संस्थाको विधान वा उद्देश्य, परिचय, कर्यसञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय श्रोत सम्वन्धी विवरण,

२. प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र श्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,

३. प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

४. अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि तथा लेखापरीक्षण प्रतिवेदन,

५. प्रस्तावित कार्यक्रममा संस्थाद्वारा गरिने योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको श्रोत सहितको यथार्थ विवरण,

६. कालोसूचीमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्वःघोषणा पत्र,

७. स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ को अनुसूची-५ वमोजिमको व्यवसायिक योजना।

*थप जानकारीको लागि सम्पर्क नं., ९८५७०६७९२०, ९८५७०६०९६३*

*साथै यसअघि प्रस्ताव पेश गर्ने प्रस्तावकहरुले समेत यसै सुचनालाई आधार मानि पुनः प्रस्ताव पेश गर्नुपर्नेछ।*

<u>स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम</u>
<u>सञ्चालन कार्यविधि, २०८२ का लागि</u>

..........................

(लक्ष्मणप्रसाद चालिसे)
प्रमुख प्रशासकीय अधिकृत

**लक्ष्मणप्रसाद चालिसे**
**प्रमुख प्रशासकीय अधिकृत**